# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६२ सालको अध्यादेश नं. ३४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रभाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## राजस्व सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने सम्बन्धमा बनेको अध्यादेश

प्रस्तावना : राजस्व सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "राजस्व सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधनः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा ९ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गराउन चाहेमा दफा १० बमोजिम प्रकृया पूरा गरी दर्ता गराउन सक्नेछ ।"

(२) दफा १० को,-

(क) उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन् :-

"(१) कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु हुनुभन्दा अघि कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) कुनै व्यक्तिले कारोबार गरेको वस्तुमा कर लाग्ने भएमा वा कुनै व्यक्तिले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, इलेक्ट्रोनिक्स वा मार्वलको कारोबार गरेमा त्यसरी कर लागेको वा कारोबार गरेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।"

(ख) उपदफा (४) मा रहेको "निवेदन" भन्ने शब्दको सट्टा "दरखास्त" भन्ने शब्द राखिएको छ ।

(३) दफा १० पछि देहायको दफा १०क. थपिएको छ :-

"१०क. <u>मौज्दातको घोषणाः</u> (१) करदाताले सम्वत् २०६२ साल मार्ग मसान्तभित्र आफूसँग भएको कर लाग्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वस्तुको वास्तविक मौज्दातको घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै करदाताले मौज्दात घोषणा गरेमा विभागले तोकेको ढाँचामा घोषित वस्तुको मूल्यको तीन प्रतिशतले हुने रकम कर वापत कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मौज्दात घोषणा गर्दा करदाताले त्यसरी मौज्दात घोषणा गर्दाको प्रचलित बजार मूल्यभन्दा बढी हुने गरी कुनै वस्तुको मूल्य राख्न पाउने छैन ।

(४) उपदफा (१) बमोजिम मौज्दात घोषणा गरेको वस्तु वापत तिरेको कर रकम करदाताले दफा १७ को अधीनमा रही कर कट्टी गर्न पाउनेछ ।

(५) उपदफा (१) बमोजिम करदाताबाट गरिएको मौज्दात घोषणाको परिमाण वा वस्तुको मूल्य अस्वाभाविक लागेमा कर अधिकृतले सोको आधार र कारण खुलाई सम्बन्धित मौज्दात जाँच गर्न सक्नेछ र त्यसरी जाँच गर्दा घोषित मूल्यभन्दा घटीमा घोषित वस्तु बिक्री गरेको देखिएमा सो बिक्रीलाई कर निर्धारण गर्ने प्रयोजनको लागि मान्यता दिइने छैन ।

(६) करदाताले यस दफा बमोजिम गरेको मौज्दात घोषणाको परिमाण, मूल्य वा स्रोतको सम्बन्धमा करको प्रयोजनको लागि कुनै पनि निकायबाट कारबाही गरिने छैन ।"

(४) दफा १४ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र बाहिर ढुवानी गर्नेले कर विजक साथमा राख्नु पर्नेछ ।"

(५) दफा २९ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएकोछ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख१) दफा १०क. उल्लंघन गरेमा फ़रक मूल्यमा लाग्ने करको अतिरिक्त सत प्रतिशत रुपैयाँ,"

(६) दफा ४०ख. पछि देहायको दफा ४०ग. थपिएकोछ:-

"४०ग. जरिवाना शुल्क नलाग्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम गरिएको व्याख्या वा निर्णयको कारण करको भारमा फरक पर्न जाने तर कर असुली रकममा फरक नपर्ने भएमा त्यसरी व्याख्या वा निर्णय हुनुभन्दा पहिले लाग्ने जरिवाना शुल्क लाग्ने छैन ।"

३. **आयकर ऐन, २०५८ मा संशोधन** : आयकर ऐन, २०५८ को,-

(१) दफा १५ को उपदफा (८) पछि देहायको उपदफा (९) र (१०) थपिएका छन् :-

"(९) विभागले तोकेको व्यवसाय गर्ने व्यक्तिले खुद्रा तरिकाको (रिटेल मेथड) मौज्दातको लेखा राख्न र सो बमोजिमको आय विवरण दिन सक्नेछ ।

(१०) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०क. बमोजिम घोषित मूल्यलाई अन्यथा प्रमाणित भएकोमा बाहेक लागत खर्चको रुपमा मान्यता दिइनेछ।"

(२) दफा ११७ को उपदफा (१) को खण्ड (क) झिकिएकोछ ।

(३) दफा १३६ पछि देहायको दफा १३६क. थपिएकोछ :-

"१३६क. जरिवाना शुल्क नलाग्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम गरिएको व्याख्या वा निर्णयको कारण करको भारमा फरक पर्न जाने तर कर असुली रकममा फरक नपर्ने भएमा त्यसरी व्याख्या वा निर्णय हुनुभन्दा पहिले लाग्ने जरिवाना शुल्क लाग्ने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **आर्थिक अध्यादेश, २०६२ मा संशोधन** : आर्थिक अध्यादेश, २०६२ को,-

(१) दफा २३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) कुनै करदाताले तत्काल प्रचलित आयकर ऐन, २०३१ अनुसार २०६२ साल मंसीर मसान्तसम्म निर्धारण गरेको कर, जरिवाना र शुल्कको रकम २०६२ साल पौष मसान्तसम्म भुक्तान गरेमा सोमा लागेको जरिवाना र शुल्क छुट हुनेछ ।"

(२) अनुसूची-१ को दफा १३ को उपदफा (२) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछ:-

"तर यो अध्यादेश प्रारम्भ हुँदाका बखत फिर्ता लगिसक्नुपर्ने वा महसुल बुझाई सक्नुपर्ने अवधि नाघिसकेका तर कानून बमोजिम जफत भइनसकेका सवारी साधन, यन्त्रोपकरण तथा मालवस्तुको हकमा २०६२ साल मंसीर मसान्तभित्र फिर्ता लैजान चाहेमा उपदफा (१) बमोजिम लाग्ने भन्सार महसुलको पच्चीस प्रतिशत महसुल बुझाई फिर्ता लैजान सकिनेछ र महसुल बुझाई नेपाल अधिराज्यभित्र राख्न चाहेमा सोही उपदफा बमोजिम लाग्ने महसुलमा पच्चीस प्रतिशत थप गरी असुल गरिनेछ ।"

(३) दफा २३ को सट्टा देहायको दफा २३ राखिएकोछ :-

"२३. परम्परागत पात्रो, श्री ५ को सरकारले पैठारी गर्ने अप्रकाशित हुलाक टिकट, पोष्टकार्ड, हवाइपत्र, टिकट छापिएको खाम, राहदानी, प्रश्नपत्र वा अन्तःशुल्क टिकटमा भन्सार महसुल पूर्ण रुपमा छुट हुनेछ । शीर्षक ४९०१ र ४९०३ का मुद्रित किताबहरुमा भन्सार महसुल तथा स्थानीय विकास शुल्क लाग्ने छैन ।

तर नेपाली प्रकाशक, वितरक वा सोल एजेण्ट वा प्रतिलिपि अधिकार उल्लेख भएका पुस्तक नेपाल अधिराज्य बाहिरबाट मुद्रण गरी पैठारी गरेमा त्यसरी पैठारी भएको पुस्तकको छपाई मूल्यमा दश प्रतिशत भन्सार महसुल

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



१०२६

लाग्नेछ ।”

(४) अनुसूची-२ को दफा ५ पछि देहायको दफा ६ थप गरिएकोछ :-

“६ उपशीर्षक २५१६.२१.१०, २५१६.२१.२०, २५१६.२२.१०, २५१६.२२.२०, २५१७.१०.१०, २५१७.१०.२०, २५१७.२०.१० र २५१७.२०.९० मा पर्ने सडक निर्माण गर्ने प्रयोजनका लागि टुक्राइएका ढुङ्गाहरु र उपशीर्षक २५१७.३०.०० मा पर्ने अलकत्रा लगाएको रोडा निकासी गर्दा अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रति घनमिटर रु. ६५।- भन्सार महसुल लाग्नेछ ।”

लालमोहर सदर मितिः- २०६२।६।१६।१

आज्ञाले,

डा. कुलरत्न भूर्तेल

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य: रु. १५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२६